# श्री काठमाडौं जिल्ला अदालत

## बबरमहल काठमाण्डौ

### जिन्सि शाखा

फोननं४२६४१२८

मिति:२०७६/०१/०५

**सुचना प्रकाशन मिती २०७६/०१/०५**

यसमा यस अदालतको जिन्सिमा आम्दानि बाँधिएको बिभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आएका मोटरसाईकल स्कुटर समेत/थान३०- मिती २०७५/११//.२२ गतेको निर्णय बमोजिम कायमि न्युनतम् मुल्य **रू.२३,२०,०००/-** मा लिलाम बिक्रिको लागि जिल्ला अदालत नियमावलि २०७५ को नियम ९२ को ९ बमोजिम पहिलो पटक मिती २०७५/१२/१५ गते हुने लिलामको लागि मिती २०७५/११/२९ गते लिलामको सुचना प्रकाशित गरिएकोमा उक्त दिन जना २ ले बोलपत्र फारम खरिद गरि लिलाममा कोहि पनि उपस्थित हुन नआएकोमा जिल्ला अदालत नियमावलि २०७५ को नियम ९२ को १० बमोजिम दोश्रो पटक मिती २०७५/१२/२६ गतेको लिलामको लागि मिती २०७५/१२/१८ गते लिलामको सुचना प्रकाशित गरिएकोमा उक्त दिनमा कसैको बोलपत्र पर्न आएको नदेखिंदा"..............**दुई पटकसम्म लिलामको कारवाहि गर्दा पनि लिलाम हुन नसकेमा प्रमुख भई काम गर्ने न्यायाधिशको अनुमति लिई.....प्रतिनिधीहरूको रोहवरमा तहसिलदारले मालसामान वार्ताद्धारा कायम हुने मुल्यमा सिधै बिक्रि गर्न सक्नेछ"** भन्ने जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को ११ मा भएको व्यवस्था बमोजिम वार्ताद्धारा कायम हुने मुल्यमा सिधै बिक्रि गर्ने प्रयोजनको लागि उल्लेखित कायमि मुल्यमा अधिकतम् ३० प्रतिशतमा नघटने गरी वार्ताद्धारा बिक्रि गर्ने गरि भएको निर्णय बमोजिम उक्त सवारिसाधनहरू जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को ११ बमोजिम वार्ताद्धारा कायम हुने मुल्यमा सिधै बिक्रि गर्ने प्रयोजनको लागि ईच्छुक व्यक्ति तथा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही सिधै बिक्रिमा सहभागि हुनकोलागी सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.वार्ताद्धारा बिक्रि गरिने मिती समय र स्थानः-२०७६/०१/०८ गते दिउसो २.०० बजे देखि ५.०० बजेसम्म यस अदालतको जिन्सि शाखा ।

२. वार्तामा सहभागि हुने व्यक्ति वा संस्थाले मिती २०७६/०१/०८ गते १.०० बजेसम्म नेपालि नागरिकताको प्रमाणपत्र,संस्था भएमा करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि निवेदन दस्तुर रू.१००/- तिरी वार्तामा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

३. त्यसरी दर्ता गराउने व्यक्तिहरू मिती २०७६/०१/०८ गते २ बजेदेखि ५ बजेसम्म सम्पन्न हुने वार्तामा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागि गराईने छैन ।

४. वार्तामा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एउटामात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्धारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति वा फर्म उपस्थित भएमा सहभागिहरू बिच लिलाम बढाबढको प्रकृया अपनाईनेछ ।सो प्रकृयामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई उक्त सवारिसाधन बिक्रि गरिनेछ ।सो प्रकृया पृथक पृथक नअपनाई एकमुष्ट अपनाईनेछ ।

५.वार्तामा आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ ।वार्ता सम्पन्न हुँदा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार फिर्ता गरिनेछ ।

६.वार्तामा सबभन्दा बढि कवुल गरेको अंक यस अघि कायम भएको न्युनतम् मुल्यांकन भन्दा कम भएमा सो मुल्यांकन भन्दा के कति प्रतिशत सम्म कम अंक सम्मको अंक स्विकार गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ ।

७.अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।